# नेपाल विद्युत प्राधिकरण

(श्री ५ को सरकारको स्वामित्व)

प्रशारण लाईन/सबस्टेशन निर्माण विभाग
दरवारमार्ग, काठमाडौं ।

# उत्पीडित समुदाय विकास कार्ययोजना

## को

## खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना
(अन्तिम प्रतिवेदन)

<u>तयार गरी पेश गर्ने :</u>


**वातावरण तथा सामाजिक अध्ययन विभाग**
**अद्वैतमार्ग, काठमाडौं**

फोन नं. : ४२२६७३०, ४२५१८४५
फ्याक्स नं. : ४२२५२४८
इमेल : neaessd@wlink.com.np


फेब्रुअरी २००६

# Vulnerable Community Development Plan
# उत्पीडित समुदाय विकास योजना
## विषयसूची


अध्याय-१ परिचय
- १.१ उद्देश्यहरु
- १.२ कार्यविधि
- १.३ आयोजना परिचय
- १.४ आयोजनामा प्रभावित क्षेत्र र ठाउँहरु
- १.५ आयोजना प्रभावित क्षेत्रमा उत्पीडित समुदायहरु

अध्याय-२ सामाजिक आर्थिक जानकारी
- २.१ जनसंख्या तथा घरधनीहरु
- २.२ उमेर र लैङ्गिक जनसंख्या
- २.३ शैक्षिक स्थिति
- २.४ व्यवसायिक स्थिति
- २.५ आम्दानी र खर्चको स्थिति
- २.६ घरका किसिम
- २.७ गरिवी वर्गिकरण
- २.८ सामुदायिक सुविधाहरु

अध्याय-३ संस्थागत व्यबस्था
- ३.१ विद्यमान संस्थागत क्षमता
- ३.२ संस्थागत क्षमता अभिवृद्धि

अध्याय-४ प्रभाव मूल्यांकन
- ४.१ जमिन र घरहरुमा प्रभाव
- ४.२ भएका वालीको क्षति
- ४.३ पेशाको सुरक्षा र स्वास्थ्य जोखिम
- ४.४ सामाजिक सांस्कृतिक असरहरु
- ४.५ स्वास्थ्य र सफाइका असरहरु
- ४.६ जग्गाको अवमूल्यन

अध्याय-५ उत्पीडित समुदायको चासो/आशा र प्रस्तावित योजन
- ५.१ उत्पीडित जनताको आशा
- ५.२ प्रस्तावित योजनाहरु
  - ५.२.१ पूर्वाधार सहयोग
  - ५.२.२ आर्थिक सहयोग
- ५.३ मूल्य अनुमान र लगानी

अध्याय-६ सहभागितामूलक योजना र कार्यान्वयन
- ६.१ जनसहभागिताको नीति
- ६.२ कार्यान्वयन व्यवस्था

अध्याय-७ अनुगमन तथा मूल्यांकन
- ७.१ आन्तरिक मूल्यांकन र प्रवर्द्धक कम्पनीवाट जानकारी
- ७.२ सहभागितामूलक अनुगमन र मूल्यांकन
- ७.३ बाह्य निरीक्षण र मूल्यांकन

# अध्याय-१

## १.१ पृष्ठभूमि

प्रस्तावित खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना उर्जा विकास फण्डको सहायक हो जसलाई विश्व विकास वैंकले लगानी गरेको छ । नेपालको उर्जा विकासमा जनताको ठूलो हिस्सालाई विजुलीमा पहुँच पुऱ्याउने नेपाल सरकारको उद्देश्य अनुरुप नै उर्जा विकास फण्डले उद्देश्य राख्छ ।

तामाकोशी जल विद्युत आयोजना र तामाकोशी क्षेत्रमा उत्पादित विजुली खिम्ती ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजनाले नै उत्पादित विजुली प्रसारण गर्ने (Evacuate) प्रस्ताव ने. वि. प्रा. ले गरेको छ । प्रस्तावित २२० के.भी. प्रसारण लाईनले स्वतन्त्र उर्जा उत्पादक केन्द्रहरु जस्तै खिम्ती जल विद्युत योजना (६० मे.वा.) र भोटेकोशी जल विद्युत योजना (३६ मे.वा.) लाई पनि जोड्ने छ । यो प्रसारण लाईन आयोजनाले उर्जा भारत निकासी गर्ने योजना पनि राख्छ त्यस्तै देशको पूर्वी क्षेत्रमा सेवा गर्ने पनि उद्देश्य राख्छ ।

प्रस्तावित यो प्रसारण लाईन आयोजनालाई उर्जा विकास फण्ड अन्तर्गत विश्व वैंकले लगानी गरिएको जुन चाहि उर्जा विकास फण्ड र आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्राधिकार भित्र मिल्छ । उक्त आवश्यकतालाई ध्यानमा राखी खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजनाको सामाजिक प्रभाव मूल्यांकन तयार गरिएको छ ।

## १.२ उद्देश्यहरु

उत्पीडित समुदाय विकास योजनाका प्रारम्भिक उद्देश्यहरु हुन

- आयोजनामा उत्पीडित समुदायको सामाजिक अबस्थामा पहुच पुऱ्याउने
- उत्पीडित समुदायको आयोजना क्षेत्रमा प्रभावको जानकारी लिने र बिश्लेषण गर्ने
- उत्पीडित व्यक्तिहरुको समुदायमा व्यवस्थित विकास प्रवर्धनका उपायहरुमा सहयोग गर्ने

## १.३ कार्यविधि

उत्पीडित समुदायक विकास योजना तर्जुमामा निम्न उपाय अपनाईएको थियो ।

### १.३.१ साक्षरता मूल्यांकन

आवश्यक साक्षरता सूचनाको लागि गैर सरकारी संस्थाहरुको प्रकाशन गा. वि. स. का सूचनाहरु जि.वि.स. का सूचनाहरु र केन्द्रीय तथ्यांक विभागका तथ्यांकहरुको आधारमा आवश्यक सचनाहरु संकलन गरिएको थियो ।

## १.४ आयोजनामा प्रभावित क्षेत्र र ठाउँहरु

आयोजना क्षेत्र विशेष गरेर ग्रामिण अर्थ र कृषि नै आम्दानी र मूख्य बाच्ने आधार भएको क्षेत्रमा पर्छ । अन्य पेशहरुमा व्यापार, जागीर, ज्यामी काम र घरायसी पशुपालन हुन । आयोजना क्षेत्रमा पाईएका अन्य दक्ष कामहरुमा डकर्मी, सिकर्मी,  सिलाई, कामी, जुत्ता सिलाउने, बुन्ने र ड्राइभरका क्षेत्र हुन ।

आयोजनाको क्षेत्रको जम्मा जनसंख्या १,१४,५१६ छ र परिवार संख्या २१,६६८ छ । त्यो मध्ये पुरुष ५६,४१४ (४९.२६%) र महिला ५८,१०२ (५०.७४%) रहेको छ । परिवार संख्या ४.३९ देखि ६.२१ रहेको छ भने सालाखाला प्रति परिवार संख्या ५.२८ जना रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर २% रहेको छ भने आयोजना क्षेत्रमा बाहुन, क्षेत्री, तामाङ्ग, नेवार, मगर मुख्य जातहरु रहेका छन् । आयोजना क्षेत्रमा करीव ५६.८५% जनता शिक्षित छ । महोत्तरी जिल्लाको गौरीबास गा. वि. स. मा साक्षरता दर उच्च (६८.२५%) छ भने रामेछाप जिल्लाको कठजोर गा. वि. स. मा कम (४३.४०%) छ । आयोजनावाट प्रभावित गा. वि. स. कृष्ण मन्दिर, कालिका देवी, राम मन्दिर, भीमेश्वरी मन्दिर, धर्नौगी मन्दिर, गणेश मन्दिर जस्ता धार्मिकस्थल रहेका छन् । आयोजना क्षेत्रमा स्वास्थ्य सुविधाहरु अपर्याप्तता छन् र त्यस क्षेत्रका स्वास्थ्य समस्याहरुमा पेट दुख्ने, पखाला लाग्ने,  ज्वरो, क्षयरोग, हिस्टेरिया, छालाका रोगहरु आदि हुन् । खाना पकाउन र बत्ति बाल्न दाउरा, मट्टितेल र विजुली नै मुख्य हुन । घर परिवारको आम्दानी कम दाउरा पाईने हुनाले आयोजना क्षेत्रमा दाउरा नै खाना पकाउने मुख्य उपाय हो ।

स्थानीय व्यक्तिहरुको सिंचित, असिंचित र धाने जमिन नै मुख्य जमिन हो । आयोजनामा प्रभावित परिवारहरु मध्ये अधिकांशको खेती योग्य जमिन १ हेक्टर भन्दा कम पाईएको छ । आयोजना क्षेत्रमा घर परिवारको वार्षिक आम्दानी रु. ७२,४००.०० रहेको छ, त्यसमा कृषिको देन ३६%  र ज्यामी/ज्यालाको देन २८.५% रहेको छ ।

आयोजना प्रभावित परिवारको खर्च नाने कुरामा अत्याधिक ६९% रहेको छ । त्यस्तै गरी उर्जामा ९% अनि लत्ताकपडा, शिक्षा र औषधिमा रहेको छ । करीव ३५० देखि ४०० मिटर प्रस्तावित वाटो मन्थली विमास्थलवाट करीव ७४० मिटर टाढा रहेको छ । अध्ययनको सिलसिलामा विमानस्थल अफिसवाट कुनै पनि किसिमको विरोधको पत्र प्राप्त भएको छैन ।

सबै गरेर पाँच जिल्लामा ७३ किलोमिटर प्रसारण लाईन पास हुन्छ जनुचाही नेपालको तराई, मध्य पहाड र चुरे क्षेत्र पर्छ । त्यस्ते गरी भू-वनोट हावापानी र कृषि उत्पादनहरु फरक फरक हुने गर्छन । जनसंख्यको दृष्टिले पहिलो धनुषा, त्यसपछि महोत्तरी, सिन्धुली, रामेछाप र दोलखा रहेका छन् । महिला र पुरुषको प्रतिशत फरक फरक रहेको छ । दोलखा र रामेछापमा पुरुष भन्दा महिला बढि छन् । वार्षिक जनसंख्या वृद्धिदर सबैभन्दा कम धनुषामा र सबैभन्दा बढी सिन्धुली र महोत्तरीमा रहेको छ जुनचाही वार्षिक २% रहेको छ ।

सिन्धुलीमा स्कूल र कलेजहरु गरेर ७०५ राहेका छन् । त्यस्तै गरी दोलखा, रामेछाप, महोत्तरी र धनुषामा क्रमशः ४७९, ५२३, ३४७ र ५०४ स्कूलर कलेजहरु रहेका छन् । शिक्षक र विद्यार्थीको अनुपात धनुषामा उच्च छ त्यसपछि महोत्तरीमा छ । सबैभन्दा कम रामेछापमा रहेको छ । प्रकाशित तथ्यांक अनुसार साक्षरता दरहरु दोलखा, रामेछाप, सिन्धुली महोत्तरी र धनुषामा क्रमशः ४४%, ३४%, ३८%, ३२% र ३९% रहेको छ । धान, गहुँ, मकै अन्य बाली र नगदे बालीहरु आयोजना क्षेत्रमा प्रभावित जिल्लाहरुमा उत्पादन हुन्छन् तर तिनीहरुको उत्पादकत्व आधुनिक उत्पादन विधिहरु नअपनाईएकोले अधिकांशत परम्पारगत भएकाले न्यून छ । जम्मा प्रभावित पाँच जिल्ला दोलखा, रामेछाप, सिन्धुली,

महोत्तरी र धनुषाको जम्मा कृषि उत्पादन क्रमशः २१,७३३, ६४,९८८, ७९,६४८, १,६१,४८५ र १,९८,७९७ मेट्रिक टन रहेको छ ।

## १.६ आयोजना प्रभावित क्षेत्रमा उत्पीडित समुदायहरु :

आयोजनाको प्रभावित जनस.ख्या मध्ये उत्पीडित समुदायका ३९ परिवार भएको सम्भवत प्रभाव मूल्यांकनको अध्ययनले देखाउछ । ती परिवार मध्ये सीमान्तकृत र पहुँच नपुगेको त्यस्तो समुदाय र पेशाको दृष्टिले तल्लो जात (२९ घर परिवार), जनजाती (१० घर परिवार) र महिलाले नेतृत्व गरेको (५ घर परिवार) रहेका छन् ।

**Table - 1: Vulnerable Community in the Project Affected Area**
**टेवुल नं. १ आयोजना प्रभावित क्षेत्रमा उत्पीडित समुदाय**

| सि.नं. | प्रभावित परिवारमा उत्पीडित समुदाय | जिल्ला | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सिन्धुली | रामेछाप | धनुषा | |
| १. | *हायू | 1 | - | - | Endangered Group |
| २. | **माझी | 5 | - | 4 | Highly Marginalized Group |
| ३. | दमाई | - | - | 2 | जातिगत पेशा |
| ४. | कामी | 8 | 3 | 1 | ऐ. |
| ५. | सार्की | 2 | 12 | 1 | ऐ. |
| | **जम्मा** | **16** | **15** | **8** | |

*(Note: * & ** Based on NEFIN classification)*

रामेछाप जिल्लाको उत्पीडित समुदायको परिवारहरुको मुख्य प्रभावितहरुको बासस्थानका गा. वि. स. हरु मलुवाजोर, खिम्ती र मन्थली हुन त्यस्तै धनुषा जिल्लामा तुलसी गा. वि. स. र सिन्धुली जिल्लामा भद्रकाली गा. वि. स. र कमलामाई नगरपालिका हुन् ।

उत्पीडित समुदायका परिवाहरुको आर्थिक स्थिति मुख्यतः कृषि र पशुपालनमा निर्भर छ, यो साधारणतया प्राकृतिक अवस्थामा भर पर्छ । कृषि उत्पादन र पुशपालन पेशामा ३६% रहेका छन् जुन वार्षिक आम्दानीको ४८% हो । जीवन निर्वाहमा आधारित अर्थ व्यवस्था हुनाले, घर परिवारले उत्पादन गरेका बस्तुहरु अन्य उत्पादित बस्तुहरु किनमेल गर्न बेच्छन् । विभिन्न पेशागत दक्षता भएका सिकर्मी, कामी, दमाई, डकर्मी, सार्की र ड्राईभरहरु क्षेत्रको उत्पीडित समुदायमा पाईएका छन् ।

# अध्याय-२
# सामाजिक आर्थिक जानकारी

यस अध्यायवाट प्रभावित/उत्पीडित समूदायको विशेषता पहिचान गर्न जनसांख्यिक तथा सामाजिक आर्थिक सूचना/डेटा उपलव्ध गरिनेछ सर्भेक्षण/अन्तर्वाताहरुको माध्यमवाट प्राप्त हुने सूचनाहरुवाट प्रभावित उत्पीडित समूदायको विशेषता विस्तृत रुपमा पहिचान गरिनेछ । उत्पीडित समुदाय सम्वन्धी गाउँ स्तरीय सूचना तत्काललाई उपलव्ध नहुँदा यी सर्वेक्षण/अन्तवार्ताहरु अति महत्वपूर्ण रहेका छन् ।

सामाजिक प्रभाव मूल्यांकन २००४ मा पहिचान भएका कुल ३९ घर धनीहरु/परिवार मध्ये ८०% अर्थात ३२ घर धनीहरुलाई सोधिएको थियो ।

## २.१ जनसंख्या तथा घरधनीहरु

१०६ जना पुरुष र ९४ जना महिला गरी जम्मा २०० जनसंख्या रहेको ३२ घर धनीहरुसंग सर्भेक्षणका लागि सोधिएको थियो । आयोजना क्षेत्रमा बसोवास गरेका प्रभावित उत्पीडित समुदायको जनसांख्यिक वितरणवाट के कुरा प्रष्ट हुन्छ भने औसत घरधनीको परिवार संख्या ६.२५ भएकाहरुको जनधनत्व आयोजना प्रभावित परिवार (PAF) (परिवार संख्या ६.२२) तथा आयोजना अति प्रभावित परिवार (SPAF) (संख्या ५.८८) को तुलनामा अधिक पाईएको छ ।

**Table - 2: Total Population and Households**
**टेवल नं. २ कुल जनसंख्या र घरधुरीहरु**

| विस्तृत विवरण | जम्मा |
|---|---|
| कुल जनसंख्या | 200 |
| पुरुष | 106 |
| महिला | 94 |
| घरधुरी संख्या | 32 |
| औषत घरधुरी संख्या | 6.25 |

*Source Field Survey, 2004*

## २.२ उमेर र लैङ्गिक जनसंख्या

उमेर र लैङ्गिक जनसांख्यिक वितरणवाट प्रष्ट हुन्छ कि ०-१४ वर्षको उमेर समूह भित्र ३०%, (१५-५९ वर्षको उमेर समूह) जो आर्थिक रुपमा शशक्त छ) भित्र ६१% र ६०-माथि उमेर समूह भित्र ९% रहेको छ ।

| Table - 3: Population Distribution by Age Group and Sex<br>टेवल नं. ३ उमेर तथा लिङ्गको आधारमा जनसांख्यिक वितरण | | | | |
|---|---|---|---|---|
| **उमेर र समूह** | **पुरुष** | **महिला** | **जम्मा** | **प्रतिशत** |
| १० वर्ष मुनि | 24 | 16 | 40 | 20 |
| १०-१५ वर्ष | 10 | 10 | 20 | 10 |
| १५-६० वर्ष | 62 | 60 | 122 | 61 |
| ६० वर्ष भन्दा माथी | 10 | 8 | 18 | 9 |
| **जम्मा** | **106** | **94** | **200** | **100** |
| *Source Field Survey, 2004* | | | | |

## २.३ शैक्षिक स्थिति

सर्भेक्षणमा परेका उत्पीडित समुदायका परिवारहरु मध्ये औषत साक्षरता दर ५६% रहेको छ भने ३६.५% निरक्षर रहेका छन् । शिक्षित मध्ये २२% ले लेखपढ गर्न सक्षम छन् । २९% प्रवेशिका मुनि र ५% प्रवेशिका उत्तीर्ण भएका छन् ।

| Table - 5: Literacy Status<br>टेवल नं. ५ शैक्षिक स्थिति | | | | | | |
|---|---|---|---|---|---|---|
| **जनसंख्या** | **६ वर्ष मुनि** | **साक्षर** | **साक्षर** | | | **जम्मा** |
| | | | **पढ्न लेख्न सक्ने** | **एस.एल.सी. मुनि** | **एस.एल.सी. माथि** | |
| पुरुष | 9 | 29 | 26 | 33 | 9 | 106 |
| महिला | 16 | 44 | 18 | 25 | 1 | 104 |
| जम्मा | 15 | 73 | 44 | 58 | 10 | 200 |
| प्रतिशत | 7.5 | 36.5 | 22 | 29 | 5 | 100 |
| *Source Field Survey, 2004* | | | | | | |

## २.४ व्यवसायिक स्थिति

सर्भेक्षण अनुसार ३६% घरधनीहरु कृषि र पशु पालनमा निर्भर छन भने २०.६७% बासिन्दा विद्यार्थी छन् । बाँकी ज्यामी र डकर्मीमा ९.१३% र ४.३२% पाईएको छ । अन्य दक्ष पेशामा जस्तै कामी २.४०%, जुत्ता सिलाउनेमा १.४४%, सिकर्मीमा १.९२% लुगा सिलाइमा १.९२% ड्राईभर १.४% पाईएको छ ।

| Table - 4: Occupational Distribution<br>टेवल नं. ४ व्यवासायिक वितरण | | | | |
|---|---|---|---|---|
| पेशा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| कृषि तथा पशुपालन | 30 | 35 | 65 | 31.25 |
| व्यापार | 1 | 1 | 2 | 0.96 |
| नोकरी | 6 | 1 | 7 | 3.37 |
| विद्यार्थी | 27 | 16 | 43 | 20.68 |
| दैनिक ज्याला | 10 | 9 | 19 | 9.14 |
| काम गर्न सक्षम | 8 | 8 | 16 | 7.69 |
| डकर्मी | 9 | 0 | 9 | 4.33 |
| कामी | 4 | 1 | 5 | 2.40 |
| सिकर्मी | 4 | 0 | 4 | 1.92 |
| दमाई | 3 | 1 | 4 | 1.92 |
| सार्की | 3 | 0 | 3 | 1.44 |
| सवारी चालक | 3 | 0 | 3 | 1.44 |
| अन्य | 6 | 22 | 28 | 13.47 |
| जम्मा | 114 | 94 | 208 | 100 |
| *Source Field Survey, 2004* | | | | |

## २.५ आम्दानी र खर्चको स्थिति

### २.५.१ आम्दानीको श्रोतहरु

सर्भे अनुसार कृषि नै मुख्य वार्षिक सालाखाला आम्दानी ४१.३३% छ भने मजदुरी र ज्यालामा १३.८५% सेवामा ११.५१% छ। वार्षिक आम्दानीमा सिकर्मी र पशुपालन को योगदान ८.६६% र ७.१५% छ। सर्भे अनुसार घर धनीहरुको वार्षिक आम्दानी रु. २४,०६२/- रहेको छ।

| Table - 6: Annual Average Income<br>टेवल नं. ६ वार्षिक सालाखाला आम्दानी | | | |
|---|---|---|---|
| आयश्रोत | रकम रु. हजारमा | | औषत प्रतिशत रकम |
| | जम्मा | औषत | |
| कृषि | 358,000.00 | 11,187.50 | 41.33 |
| नोकरी | 100,000.00 | 3,125.00 | 11.51 |
| व्यपार | 15,000.00 | 468.75 | 1.73 |
| निवृत्त | 22,000.00 | 687.50 | 2.54 |
| धिरेलु उद्योग | 21,000.00 | 656.25 | 2.42 |
| ज्यामी तथा ज्याला | 120,000.00 | 750.00 | 13.85 |
| बंगुर तथा कुखुरा पालन | 20,000.00 | 625.00 | 2.30 |
| पशुपालन | 62,000.00 | 1,937.50 | 7.15 |
| सिकर्मी | 75,000.00 | 2,343.75 | 8.66 |
| अन्य | 73,000.00 | 2,281.25 | 8.42 |

| जम्मा | 866,000.00 | 24,062.50 | 100 |
|---|---|---|---|
| *Source Field Survey, 2004* | | | |

### २.५.२ खर्चको किसिम :

घर धनीहरुको मुख्य आम्दानीको ४९.८८% खर्च खाद्य सामग्रीमा देखिन्छ । अन्य जस्तै कपडा, औषधि, उर्जा र शिक्षामा क्रमः १४.५३%, ८.९८%, ७.८०% र ६.७३% खर्च भएको देखिन्छ । मदिरा जन्य पदार्थमा पनि ६.२६% खर्च भएको पाइएको छ ।

**Table - 7: Annul Average Expenditure**
**टेवल नं. ७ वार्षिक सालाखाला खर्च**

| खर्च विवरण | रकम रु. हजारमा | | औषत प्रतिशत रकम |
|---|---|---|---|
| | जम्मा | औषत | |
| खाना | 422,000.00 | 13,187.50 | 49.88 |
| उर्जा | 66,000.00 | 2,062.05 | 7.80 |
| औषधी | 76,000.00 | 2,375.00 | 8.98 |
| कपडा | 123,000.00 | 3,843.75 | 14.53 |
| शिक्षा | 57,000.00 | 1,781.25 | 6.73 |
| पेयपदार्थ (मदिरा) | 53,000.00 | 1,656.25 | 6.26 |
| अन्य | 49,000.00 | 1,531.25 | 5.79 |
| **जम्मा** | **846,000.00** | **26,437.05** | **100** |

*Source Field Survey, 2004*

## २.६ घरका किसिम

आयोजना क्षेत्रका घरहरु नेपालका अन्य ग्रामीण भेगका घरहरु जस्तै छन् । घरहरु एक तले/अथवा दुई तले खरको छाना भएका कच्ची अथवा टायलका छाना भएका छन् ।

## २.७ गरिवी वर्गिकरण

अध्ययन अनुसार करीव २१.८८% घर धनीहरुसंग बाह्रै महिना अथवा त्यो भन्दा बढी समय खान पुग्ने अन्न छ । त्यस्तै २५%, ३७.५% र १२.५% घर धनीहरुसंग ९ महिना, छ महिना र ३ महिना खान पुग्ने अन्न पाईएको छ भने केवल एक घर धनीलाई मात्र ३ महिना भन्दा कम समय खान पुग्ने अन्न रहेको पाईएको छ ।

**Table - 10: Food Sufficiency**
**टेवल नं. १० अन्नको पर्याप्तता**

| महिनाको पर्याप्तता | घरधुरी संख्या | घरधुरी प्रतिशत |
|---|---|---|
| १२ तथा माथि | 7 | 21.88 |
| ९ | 8 | 25.00 |
| ६ | 12 | 37.50 |
| ३ | 4 | 12.50 |
| ३ भन्दा मुनि | 1 | 3.12 |

| | | |
|---|---|---|
| **जम्मा** | **32** | **100.00** |
| *Source Field Survey, 2004* | | |

## २.८ सामुदायिक सुविधाहरु

खानेपानी, स्वास्थ्य, बाटो, झोलुङ्गे पुल, सिंचाई, ग्रामीण विद्युतीकरण, जल विद्युत र साना कृषि उद्योगहरु मुख्यतः महोत्तरी, रामेछाप, सिन्धली र धनुषा जिल्लाका आयोजना क्षेत्र भित्र पर्ने मुख्य विकासका निर्माणहरु हुन् । अधिकांशतः निर्माण अन्य जिल्ला हेरि रामेछाप जिल्लामा रहेका छन् । अन्य पूर्वाधार र सुविधाहरुमा मन्थली क्षेत्रमा ११ के.भी. प्रसारण लाईन, रतन्चुरा र भद्रकाली क्षेत्रमा ३३ के.भी. प्रसारण लाईन मन्थलीमा हवाई मैदान, खुर्कोटमा सिंचाई नहर र आयोजना क्षेत्रमा सिन्धुली बनेपा सडक र वर्दिवास सिन्धुली सडक रहेका छन् ।

# अध्याय-३
# संस्थागत व्यवस्था

## ३.१ विद्यमान संस्थागत क्षमता

विशाल आधारभूत संरचनाहरुको विकासको लागि स्थानीय सरकार विकासका साझेदारहरु र स्थानीय निकायहरुसंग शशक्त सहयोग र समन्वय आवश्यक पर्छ ।

### ३.१.१ सरकारमा

प्रोजेक्ट क्षेत्रमा सरकारी तथा अर्धसरकारी संस्थाहरु भन्नाले नेपाल विद्युत प्राधिकरण, जिल्ला खानेपानी अफिस, सडक डिभिजन, अस्पताल, सिंचाई, कृषि सेवा केन्द्र, भेट्नरी, वैंक, वन कार्यालय, पुलिस कार्यालय आदी पर्दछन् जस्ले स्थानीय जनतालाई सेवा दिईरहेका हुन्छन् ।

गाँउ स्तरीय प्रशासन जुन गा. वि. स. मा निर्वाचित प्रतिनिधिहरुवाट संचालन हुन्छ, त्यसमा खानेपानी सप्लाई, बाटो निर्माण स्कूल र सानासिंचाई नहरहरु पर्दछन् । तिनीहरुको वजेट स्थानीय आम्दानी जिल्ला विकास हुँदै सरकारले पर्छ । तर हालको अवस्थामा गाँउ विकास समिति विद्यमान द्धन्दमा स्थानीय निर्माण कार्यमा त्यति शशक्त छैन । निर्वाचित गा. वि. स. प्रतिनिधिहरुको पदावधि समाप्त भईसकेको र नयाँ निर्वाचन नभै सकेको वर्तमान अवस्थामा वर्तमान गा. वि. स. सचिव नै गा. वि. स. प्रमुख रहेका छन् ।

वर्तमान जिल्ला स्तरीय सरकारी कार्यको समन्वय स्थानीय विकास अधिकारीले गर्ने गर्छन । स्थानीय विकास अधिकारीको कार्य निरीक्षण प्रमुख जिल्ला अधिकारीले गर्ने गर्छन ।

### ३.१.२ समुदायहरुमा

स्थानीय सरकारको अलावा करीव २० गैर सरकारी संस्था र क्लवहरु प्रोजेक्ट क्षेत्रमा स्वास्थ्य र सरसफाई , सामाजिक सेवा, शीप विकास, आम्दानी अभिवृद्धि, खानेपानी, सिंचाई र कृषि विकासमा संलग्न छन् । यी संस्थाहरुको कार्यरत कर्मचारीहरु १-१०० सम्म छन् ।

### ३.१.३ प्रवर्धक संस्थामा

नेपाल विद्युत प्राधिकरणको जल विद्युत विकास प्रसारण लाईन र वितरण प्रोजेक्टहरुको वातावरणीय अध्ययन, अनुगमन तथा व्यवस्थापनको अध्ययन गर्ने वातावरणीय तथा सामाजिक अध्ययन विभाग हो । यस विभागको वातावरणीय तथा सामाजिक अध्ययन गर्ने अनुभवको कारणले जल विद्युत विकास प्रसारण लाईन वितरण प्रवेश मार्ग तथा ग्रामीण विद्युतीकरण आयोजनाहरुको निम्न अध्ययनहरु EIA, IEE, ACRP र Environmental audit गर्ने गरेको छ । ने. वि. प्रा. वातावराणीय तथा सामाजिक अध्ययन विभागले विभिन्न संस्थाहरुको सल्लाहमा अर्के मार्ग निर्देशनहरु तयार पारेको छ जुन वातावरणीय अध्ययनमा प्रयोग भएको छ । वातावराणीय तथा सामाजिक अध्ययन विभाग अनुभवी जनशक्ति भएकाले वातावरणीय अध्ययन अनुगमन र व्यवस्थापनको साथै भौतिक, जैविक, सामाजिक,

आर्थिक र सांस्कृतिक क्षेत्रमा अध्ययन गर्छ । उत्पीडित समुदाय विकास योजनाको वातावरणीय तथा अनुगमनको सम्पूर्ण जिम्मेवार खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना हुनेछ ।

## ३.२ संस्थागत क्षमता अभिवृद्धि

### ३.२.१ सरकारमा

प्रस्तावित आयोजना तथा उत्पीडित समुदायको इच्छित रोल सफल कार्यान्वयनमा स्थानीय सरकार ( गा.वि.स./न.पा./जि.वि.स.) संगको असल सम्वन्ध विकासले सहयोग गर्छ । जे भएतापनि हालको स्थितिमा निर्वाचित प्रतिनिधिहरु नभएकोले गा. वि. स. सचिव नै गा. वि. स. प्रमुख भएको स्थिति छ ।

### ३.२.२ समुदायहरुमा

प्रोजेक्ट क्षेत्रमा कार्यरत गैर सरकारी संख्याहरु अथा क्लवहरु मध्ये ग्रामीण स्वास्थ्य विकास योजना, सामुदायिक विकास समाज, तामाकोशी सेवा समिति, ध्रुवतारा यूवा क्लव र धनुषा सेवा समितिहरु शशक्त रुपले वातावरण, खानेपानी, स्वास्थ्य, सामाजिक सेवा, जनचेतना अभिवृद्धि र आय आर्जनमा जुटेका छन् । उत्पीडित समुदायको उद्देश्य प्राप्तीको लागि आयोजना क्षेत्रमा कार्यरत गैर सरकारी क्षेत्रकालाई तालिम प्रदान गरिनु श्रेयस्कर हुनेछ ।

### ३.२.३ प्रवर्धक संस्थामा

विभिन्न क्षमताका जल विदुत आयोजना प्रसारण लाईन र वितरण आयोजनाहरुको वातावराणीय अध्ययन, अनुगमन र व्यवस्थापनमा ने. वि. प्रा. अग्रणी संस्था हो । सन् १९९७ देखि आयोजनाहरुको विकासका लागि EIA र IEE अध्ययन आवश्यक हुँदै आएको छ । त्यस्तै गरी वैदेशिक लगानी युक्त आयोजनाहरुमा उनीहरुको नीतिहरु पनि समावेश गर्न आवश्यक हुन्छ । सन् १९९७ को EPR अनुसार EIA वाहेक यस खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजनाले SIA, ACRP, RAP र VCDP तयार गर्नु पर्ने हुन्छ । यस अवस्थामा वैदेशिक लगानी कर्ताहरुको चाहना अनुसार सामाजिक क्षेत्रमा हुने तालिम र गोष्ठीहरुको शशक्त कार्यान्वयनले योजनाको निर्माणमा वातावरणीय तथा सामाजिक अध्ययन विभागमा रहेको क्षमताको ठूलो महत्व राख्छ ।

# अध्याय-४
# प्रभाव मूल्यांकन

७३ कि मि लामो खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजना पातलो नगन्य बस्ती भएको क्षेत्रवाट जाने हुनाले स्थानीय क्षेत्र र बासिन्दाहरुलाई न्यून प्रभाव पर्छ । यस आयोजना जनकपुर अञ्चलको ५ जिल्ला हुँदै र १६ गा. वि. स. हुँदै पास हुन्छ । पाँच जिल्ला मध्ये व्यक्तिगत जमिन रामेछाप, सिन्धुली र धनुषा जिल्लामा मात्र पर्छ । यस अध्यायले खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजनाको निर्माण र संचालनमा फाईदा र वेफाईदाको प्रभाव प्रस्तुत गर्छ ।

## ४.१ जमिन र घरहरुमा प्रभाव

३ जिल्लाका ९ गा. वि. स. मा यस आयोजनाजाट प्रभावित जम्मा १७ घरहरु प्रभावित छन् र ती मध्ये धनुषा जिल्ला वेंगडावर गा. वि. स. मा उत्पीडित समुदायमा दुई घर मात्रै पर्छन ।




Affected House at Bengadabar VDC

**Table - 14: Types of House Affected**
**टेवल नं. १४ प्रभावित घरहरुको किसिम**

| प्रभावित घरहरुको किसिम | घरधनीको नाम | |
|---|---|---|
| | पूर्ण माया कामी | विश्ने दमाई |
| किसिम | कान्छी | कान्छी |
| छाना | २ | २ |
| छाना | टायल | स्लेट |
| कोठा संख्या | ६ | ६ |
| भवन सामाग्री | काठ किला टायल | काठ किला टायल |
| घरको क्षेत्रफल | ३०४ बर्ग फिट | ३८३ बर्ग फिट |
| निर्माण समय | १९८९ | १९७८ |

*Source Field Survey, 2004*

आयोजनाले स्थायी रुपले ६८ घरधनीवाट १.०६ हेक्टर जमिन प्राप्त गर्छ भने ०.५ हेक्टर जमिन अस्थायी रुपमा प्रभाव पर्छ । ६८ घर परिवार मध्ये उत्पीडित समुदायका ३ जिल्लाको ८ गा. वि. स. मा आयोजनाले लिएको जग्गावाट प्र्भावित भएका छन् । व्यक्तिगत जग्गा दोलखा र महोत्तरी जिल्लामा प्रभावित भएका छैनन् । रामेछाप जिल्लामा अधिक घर परिवार प्रभावित भएतापनि उत्पीडित समुदाय सिन्धुली जिल्लामा उच्च छ  त्यस्तै गरी धनुषा जिल्लामा दुवै क्षेत्रका घर परिवार कम छन् ।

| Table - 15: District Wise Distribution of Household Affected<br>टेवल नं. १५ जिल्लागत रुपमा प्रभावित घरपरिवार | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | जिल्ला | कुल जम्मा प्रभावित घरपरिवार | प्रतिशत | Total no. of Household Affected in Vulnerable Community | प्रतिशत |
| १. | धुनषा | 66 | 9.24 | 8 | 20.52 |
| २. | रामेछाप | 365 | 51.1 | 15 | 38.46 |
| ३. | सिन्धुली | 283 | 39.6 | 16 | 41.02 |
| | जम्मा | 714 | 100 | 39 | 100 |
| *Source Field Survey, 2004* | | | | | |

सामाजिक प्रभाब मूल्यांकन २००४ अनुसार जमिन लिँदा सिन्धुली जिल्लाको सिद्धेश्वरी गा. वि. स. मा उच्च (१६.८०%) छ, त्यस्तै कटहरेमा (१५.४०%) र नागथली गा. वि. स. मा (१४.९८%) छ। त्यसै गरी रामेछाप जिल्लाको भलुवाजोर गा. वि. स. मा जग्गा लिएका उत्पीडित समुदाय सिन्धुली जिल्लाको सिद्धेश्वरी गा. वि. स. र धनुषा जिल्लाको वेंगडावर गा. वि. स. पछि पर्छ।

| Table - 16 : VDC Wise Distribution of Households Affected<br>टेवल नं. १६ गा. वि. स. स्तरीय प्रभावित घर परिवार | | | |
|---|---|---|---|
| सिनं. | गा.वि.स. | जिल्ला | घरधुरी संख्या |
| १. | भद्रकाली | सिन्धुली | 1 |
| २. | भिमेश्वर | सिन्धुली | 2 |
| ३. | रतनचुरा | सिन्धुली | 1 |
| ४. | सिद्धेश्वरी | सिन्धुली | 12 |
| ५. | भालुवा जोर | रामेछाप | 13 |
| ६. | नागथाली | रामेछाप | 2 |
| ७. | वेंगादवार | धनुषा | 8 |
| | जम्मा | | 39 |
| *Source Field Survey, 2004* | | | |

प्रसारण लाईनको ३० मिटर क्षेत्रभित्र पर्ने घर जग्गा प्रभावित धनीहरुको नामावली एनेक्स–२ मा दिईएको छ। टावर जगको लागि सिमित जग्गा लिएकोले, प्रोजेक्टवाट प्रभावित परिवाहरुको जग्गामा भएको असर नगन्य छ। स्थानीय उत्पीडित समुदायहरुको जग्गा लामो समय लिईएको भएतापनि सम्पूर्णमा त्यसको असर ज्यादै न्यून छ।

## ४.२ भएका वालीको क्षति

प्रसारण लाईन निर्माणमा, टावर ठड्याउने काम, तार तान्ने कामको सिलसिलामा कामदार, मेशिन सामग्रीहरुको कारणले टावर प्याड वरपर भएको खेतीलाई असर पर्छ। खेती न्यूनतम नोक्सान होस

भनेर टावर जग, टावर ठड्याउने काम तार तान्ने काम खेती नगरिएको समयमा निर्माणको योजना बनाउन प्रोत्साहन गरिन्छ । लामो समय रहे पनि त्यसको असर स्थानीयलाई न्यून हुनेछ ।

## ४.३ पेशाको सुरक्षा र स्वास्थ्य जोखिम

आयोजना कार्यान्वयनको सिलसिलामा टावर ठड्याउने र तार तान्ने गर्दा सुरक्षा र स्वास्थ्यमा जोखिम हुन सक्छ । असुरक्षित यस्ता निर्माणका कारणले नेपाल जस्ता देशमा कार्यको सिलसिलामा गाडीसंग सम्वन्धित दुर्घटना पनि हुने गर्छन । यसरी आयोजनाका कार्य लामो समयसम्म हुने भएतापनि ती सबैका असरहरु सीमित नै हुनेछन् ।

## ४.४ सामाजिक सांस्कृतिक असरहरु

अन्य आयोजनाहरुको तुलनामा निर्माण क्षेत्रमा प्रसारण लाईनको सामाजिक सांस्कृतिक प्रभावहरु न्यून हुन्छन् किनकी यस्ता आयोजनामा निर्माण क्षेत्रफल सानो र छोटो अवधिका हुन्छन् । त्यसैले स्थानीयमा सामाजिक सांस्कृतिक दवाव र परिवर्तनको असर पर्दैन । छोटो अवधिका भएकाले सामाजिक सांस्कृतिक असरहरु न्यून हुनेछन् ।

## ४.५ स्वास्थ्य र सफाइका असरहरु

आयोजना क्षेत्रमा स्वास्थ्य र स्वच्छतामा कमी नै छ । स्वास्थ्य सुविधाहरु टाढा छन् । प्रसारण लाईन आयोजनमा साधारणतया जग र टावर निर्माणमा अनि तार तान्ने कार्यको लागि सामानहरु ओसार्न थोरै स्थानीय ज्यामीहरु आवश्यक पर्छ । दक्ष व्यक्ति र जनशक्ति चाहिने काम वाहेक स्थानीय ज्यामी (व्यक्ति) हरु अन्य काममा लगाईनेछ । एक ठाउँको निर्माणका कार्यहरु छोटो हुनाले प्रसारण लाईनको आयोजनाका कार्यहरुको कारणले स्थानीयमा स्वास्थ्य र सरसफाइमा पर्ने असरहरु न्यून हुनेछन् भन्ने आशा गर्न सकिन्छ । ज्यामी, कर्मचारी, निर्माण सामाग्री र औजारहरुको कारणले स्वास्थ्य र स्वच्छतामा पर्ने संभाव्य असरहरु कम र क्षणिक हुनेछन् ।

## ४.६ जग्गाको अवमूल्यन

विद्युत ऐन, १९९३ अनुसार क्षेत्राधिकार भित्र (ROW) पर्ने घरहरु र घर निर्माणमा सुरक्षाको कारणले निषेध गरेको छ । क्षेत्राधिकार भित्र सीमित जग्गा मात्र घर निर्माणमा उपयुक्त छन् । जे होस् क्षेत्राधिकार भित्र घर निर्माणमा निषेध भएकोले जग्गाको मूल्य घट्छ । साधारणतया लामो समयसम्म रहने भएतापनि आयोजनाको असर सीमित हुन्छ ।

# अध्याय-५
# उत्पीडित समुदायको चासो/आशा र प्रस्तावित योजना

उत्पीडित समुदाय विकास योजनामा अख्तियार गरिएको नीति मुख्य गरेर उत्पीडित समुदायका परिवारमा आयोजना कार्यान्वयनमा पर्ने नकारात्मक असर कम गर्ने र उनीहरुको जीवनस्तर सुधार्नु नै हो । उत्पीडित समुदाय विकास योजनामा समावेश भएका मुख्य जिम्मेवारीहरु आयोजना संचालनकर्ता नेपाल विद्युत प्राधिकरणको हुनेछ ।

निश्चित समूहसंग गरिएको छलफल, अन्तर्वार्ता र फिल्डमा गरिएको निरीक्षण त्यस समुदायको आशा र चासो उजागर गर्न प्रयोगमा ल्याईएको छ । योजना क्षेत्रका उत्पीडित समुदायको आशा र चासोहरु नै प्रस्तावित उपायहरुको माध्ययमवाट सम्वोधन गर्न सुझाव दिईएको छ ।

## ५.१ उत्पीडित जनताको आशा

स्थानीय वृद्धिजीवी, समुदायका अगुवा, शिक्षकहरु र स्थानीय व्यक्तिहरुको छलफल र अर्न्तवार्तावाट नै उत्पीडित समुदायको विकास योजनाको उद्देश्य र योजना तयार गरिएको छ । फिल्ड निरीक्षणको सिलसिलामा उत्पीडित जनताले योजनावाट धेरै आशा गरेको पाईएको छ । फिल्ड निरीक्षणको क्रममा स्थानीय जनतासंग भएको छलफल अनुसार उत्पीडित समुदायले निम्न कुराहरु उल्लेख गरेका छन् ।

- शीप विकासको अभाव र न्यून आय भएकाले अधिकांश उत्पीडित समुदायका सदस्यले आम्दानी वृद्धि हुने क्रियाकलाप र पछि सम्म काम लाग्ने शीप विकासको लागि तालिम लिन चाहेका ।
- न्यून साक्षरता दर भएकाले अधिकांश उत्पीडित समुदायका आयोजना क्षेत्र भित्रका सदस्यले अनौपचारिक शिक्षा कार्यक्रम होस् भन्ने चाहेका,
- उत्पीडित समुदायकमा मदिराजन्य पदार्थहरुको अत्याधिक प्रयोग भईरहेकाले सोको रोकथामको लागि सामाजिक जनचेतना फैलाउन चाहेका,
- न्यून शिक्षाको स्तर भएकाले सरकारी काम काजको सिलसिलामा पहुँच नपुग्ने कारणले निर्णय लिने कार्यहरुमा पछि परेको महशुस भई निर्णय लिने कार्यमा समुदायको संलग्नता चाहेका,
- आयोजना क्षेत्रमा विकासका पूर्वाधारहरु कमजोर भएकाले उत्पीडित समुदायवाट खानेपानी, स्कूल, पुननिर्माण, ग्रामीण सडक र विजुलीको सुविधाका आशा गरेका,
- उत्पीडित समुदायका व्यक्तिले जातको आधारमा सामाजिक भेदभाव भएको कुरा जोडले उठाएका छन् । जात, समुदाय र लिङ्गको आधारमा आवश्यकताका साधानहरु र सरकारी सुविधाहरु आर्थिक अवस्था र क्षेत्रहरु छुटिने गरेकाले सो हट्नु पर्ने उत्पीडित समुदायको माग गरेका,
- वेरोजगार, अर्ध वेरोजगार नेपालमा ग्रामीण क्षेत्रमा विद्यमान भएकाले, आयोजना क्षेत्रमा निम्न आय आर्जन हुने कारणले जनता नेपालको कुनै क्षेत्रमा बसाई सर्ने, भारत जाने अथवा तेश्रो देशहरु जाने गरेकाले सो मुख्य समस्या भएको उल्लेख गर्दै उत्पीडित समुदायकाले सो हटनुपर्ने माग गरेको

## ५.२ प्रस्तावित योजनाहरु

आयोजना क्षेत्रको उत्पीडित समुदाय विकास योजना अन्तर्गत भएका सभा, अन्तर्वार्ता र फिल्ड निरीक्षणवाट मुख्यतः उत्पीडित समुदायहरुको मुख्य समस्या सम्वोधन गर्नु नै हो । त्यस कारण उत्पीडित समुदायको चासो र चाहनाहरु अनुसार निम्नानुसार केही उपायहरु प्रस्ताव गरिएको ,

**साधारण उपायहरु**

- उत्पीडित समुदायका सदस्यहरु जसले आवश्यक छनोट प्रक्रिया पुरा गरेका छन्, तीनलाई वृत्ति विकासका तालिममा, आम्दानी अभिवृद्धि गर्ने र शीप विकास आदी क्षेत्रमा प्राथमिकतामा राखिने छ ।
- जातीय भेदभावको सामाजिक कुरितिमा जनचेतना जगाउन, स्वास्थ्य र सफाईको क्षेत्रमा जनचेतना जगाउन उत्पीडित समुदायका सदस्यहरुलाई परिचालन गरिनेछ ।
- त्यस्तै गरी उत्पीडित सामुदाय भित्र आईरहने र हुने विभिन्न मौकाहरुको फाईदा वढि भन्दा वढि कसरी प्रदान गर्न सकिन्छ भन्ने सम्वन्धमा पनि प्रयत्नहरु गरिनेछ ।
- योजनाको कार्यान्वयनमा उत्पीडित समुदायका महिलालाई वढि भन्दा वढि सहभागी कसरी गर्न सकिन्छ भन्ने सम्वन्धमा पनि प्रयास गरिनेछ ।
- उत्पीडित समुदायका प्रतिनिधिहरुलाई दुःख कसरी निवारण गर्न सकिन्छ भनेर आयोजनाले शशक्त रुपमा कार्यक्रम गर्नेछ ।

**विशेष उपायहरु**

### ५.२.१ पूर्वाधार सहयोग

पूर्वाधार विकास भनेको कुनै क्षेत्रको अथवा समुदायको सम्पूर्ण विकासको जग हो । स्थानीय र उत्पीडित समुदायको आवश्यकता सम्वोधान गर्न, स्थानीय उत्पीडित समुदायको सामाजिक आर्थिक क्षेत्रको प्रवर्द्धनमा निम्न क्षेत्रहरुको पूर्वाधार विकासका सकारात्मक र शशक्त भूमिका रहन्छ ।

- खानेपानी सुविधा
- स्कूल पुर्ननिर्माण
- ग्रामीण सडक
- विजुली सुविधा

### ५.२.२ आर्थिक सहयोग

उत्पीडित समुदाय विकास योजनामा उत्पीडित समुदायका आर्थिक प्रवर्द्धनका निम्न क्रियाकलापहरु रहन्छन् ।

- कृषि र बजारको उच्चस्तरको दक्ष तालिका
- उच्चस्तरको पशुपालन सुविधाहरु
- घास दाउराको विकासको योजना

- पेशागत तालिम
- स्थानीय साधानमा आम्दानी वृद्धि गर्ने क्रियाकलापको शुरुवात
- गैर सरकारी संस्था, गा. वि. स., जि. वि. स. मा कार्य गर्न क्षमता विकास योजना

### ५.२.३ सामाजिक-सांस्कृतिक सहयोग

उत्पीडित समुदाय विकास योजनामा उत्पीडित समुदायका सामाजिक सांस्कृतिक प्रवर्द्धनका निम्न क्रियाकलापहरु रहन्छन् ।

- स्कूलका बच्चाहरुलाई सहयोग हुने योजना
- पाटी, चौतारो र मन्दिरहरुको निर्माण अथवा पुर्ननिर्माण
- सामाजिक भेदभाव  र जातीय विभेदको कानूनी सचेतना योजना
- महिला स्वास्थ्य कार्यकर्तालाई स्वास्थ्य तालिम

## ५.३ मूल्य अनुमान र लगानी

उत्पीडित समुदाय विकास योजनामा क्षतिपूर्ति रकम र पुनर्वास रकम वाहेक निम्नानुसार रु. २०,००,०००.०० प्रस्तुत गरिएको छ । उक्त रकम नेपाल विद्युत प्राधिकरण माध्यम खिम्ती-ढल्केवर २२० के.भीं प्रसारण लाईन आयोजनाले खर्च गर्छ । तर सानो रकम जनताको सहभागितामा खर्च हुन्छ ।

**Table - 17: Cost Estimation**
**टेवल नं. १७ मूल्य अनुमान**

| सि.नं. | क्रियाकलाप | यूनिट | लागन अनुमानित रकम |
|---|---|---|---|
| १. | पूर्बाधार सहयोग | अनुमानित | 10,00,000 |
| २. | आर्थिक सहयोग | अनुमानित | 500,000 |
| ३. | सामाजिक परम्परागत सहयोग | अनुमानित | 500,000 |
| | जम्मा | | 20,00,000 |
| (In word Rupee Twenty Lakh only) | | | |

उपरोक्त रकम वाहेक केही रकम छुट्याउन नमिल्ने गरी आयोजना डिजाइनमा समावेश छ । योजनामा डिजाईन र टेण्डर कागजातमा खर्च गरिएको रकम उपरोक्त रकममा समावेश छैन ।

# अध्याय-६
# सहभागितामूलक योजना र कार्यान्वयन

उत्पीडित समुदायक विकास योजना परिमाणात्मक र गुणात्मक किसिमले अध्ययनको सिलसिलामा प्राईमरी र सेकेण्डरी साधानहरुवाट तथ्यांक संकलन गरेको छ । स्थानीय तहमा स्थानीय, शिक्षक, गैरसरकारी संस्थाका प्रतिनिधि, उत्पीडित समुदायका प्रतिनिधिसंग विभिन्न तहमा मिटिङ्ग र अन्तर्वाता लिने काम भएका छन् । यो वाहेक अन्य जनसहभागिता बढाउने कार्यको सिलसिलामा उत्पीडित समुदाय र गा. वि. स. प्रतिनिधि सहित उत्पीडित समुदाय विकास योजनाको लक्ष र कार्यक्रमको वारेमा छलफल भयो ।




Group discussion at Bengadabar VDC in Dhanusha district

मिटिङ्गवाट प्राप्त सल्लाह र सुझाव उत्पीडित समुदाय को विकासमा समावेश गरिनेछ ।

## ६.१ जनसहभागिताको नीति

उत्पीडित समुदाय विकास समुदायको प्रयास केवल आयोजनाका असरहरु उत्पीडित समुदायमा कम गर्नु मात्र थिएन, उनीहरुको लामो समयको लागि सामाजिक आर्थिक उत्थानको मौका पनि प्रदान गर्नु थियो । उत्पीडित समुदाय र स्थानीय जेहेन्दार व्यक्तिहरु संगको सल्लाह र फिल्ड घुम्ने कार्यहरु सम्पन्न गरिएको थियो ।

स्थानीय समुदाय र साझेदारहरुको शशक्त सहभागिताले नै कुनै कार्यक्रमको सफलता निर्धारण गर्छ । उत्पीडित समुदाय विकास योजनाको तयारी गर्ने कार्यमा प्रभावित उत्पीडित समुदायका सदस्यहरुको सल्लाह र सहभागिता प्रोत्साहन गरिनु पर्छ ।

जे भएतापनि उत्पीडित समुदाय विकास योजनाको अन्तिम रुप दिने कार्यमा प्रशस्त सल्लाह छलफल आवश्यक पर्छ ।



Group discussion at Ranichuri VDC in Sindhuli District

उत्पीडित समुदायका प्रभावित परिवारवाट गा. वि. स. र गैर सरकारी संस्थावाट उत्पीडित समुदाय विकास योजनाको लागि एउटा कमिटी गठन गर्नुपर्छ ।

सारांशमा उत्पीडित समुदायको प्रभावित परिवारहरु, गा. वि. स. र गैर सरकारी संस्थाहरुको सहभागिता निम्नानुसारको क्रियाकलापमा आवश्यक ठहर्छ ।

- सभा, अन्तर्वाता र सोधिएका प्रश्नहरुको अध्ययन र सुझावहरु विस्तार गर्न
- निश्चित समूहको छलफलमा फिल्ड घुम्ने काम र प्रशासनिक जांचमा

## ६.२ कार्यान्वयन व्यवस्था

### ६.२.१ समुदायहरुको योगदान

उत्पीडित समुदाय, गा. वि. स. र गैर सरकारी संस्थाहरुको एउटा संस्था बनाउने छ जसले उत्पीडित समुदाय विकास योजनाको कार्यान्वयन र अनुगमन गर्नेछ ।

त्यस्तै गरी ज्यामी र रकमको रुपमा कार्यक्रम कार्यान्वयनमा स्थानीयको सहभागिता खोजिनेछ । त्यो स्थानीय कमिटीले आयोजनाको संचालनमा क्षेत्राधिकार भित्र पर्ने वोट विरुवा हटाउने कार्यमा योगदान दिन सक्नेछ जस्को लागि आयोजनाले आर्थिक सहयोग गर्नेछ ।

### ६.२.२ प्रवर्धक संस्थाको योगदान

आयोजनाको संचालनकर्ता ने. वि. प्रा. भएकाले कार्यहरु कार्यान्वयनमा लाग्ने खर्च ने. वि. प्रा. ले प्रदान गर्नेछ । त्यस्तै गरी ने. वि. प्रा. ले नै खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाईन आयोजनाको माध्यमवाट गैर सरकारी संस्थाहरु प्राविधिक सहयोग र एक ठाउँवाट अर्को ठाउँमा सार्न लाग्ने खर्च सहयोग गर्नेछ ।

# अध्याय-७
# अनुगमन तथा मूल्यांकन

उत्पीडित समुदाय विकास योजनाको कार्यान्वयनमा नजिकवाट अनुगमन गर्ने र मूल्यांकन गरिनेछ। उत्पीडित समुदाय विकास योजना शशक्त कार्यान्वयन गर्ने कार्य यसको उल्लेख्य उद्देश्य अनुरुप गरिनेछ र यसको लागि आन्तरिक र स्वतन्त्र वाह्य व्यक्तिवाट कार्यान्वयनको मूल्यांकन गरिनेछ। उत्पीडित समुदाय विकास योजनाको पनि मूल्यांकन गरिनेछ। उत्पीडित समुदाय विकास योजनाको मूल्यांकन तल उल्लेख गरिए अनुसार हुनेछ।

## ७.१ आन्तरिक मूल्यांकन र प्रवर्द्धक कम्पनीवाट जानकारी :

आन्तरिक मूल्यांकन सम्वन्धी कार्यहरु ने. वि. प्रा. र वातावरणीय तथा सामाजिक अध्ययन बिभागले उत्पीडित समुदाय विकास योजनामा उल्लेख भएका शर्तअनुसार भए नभएको अनुगमन गर्नेछ। विभिन्न संस्थाहरुले सन्तोषजनक र जिम्मेवार तरिकाले कार्य कार्यान्वयन गरे नगरेको नजिकवाट नियाल्नु नै अनुगमनको मुख्य उद्देश्य हो।

## ७.२ सहभागितामूलक अनुगमन र मूल्यांकन :

सहभागितामूलक अनुगमन स्थानीय प्रतिनिधि, उत्पीडित समुदायको प्रतिनिधि र गा. वि. स. प्रतिनिधि गैर सरकारी संस्थाको प्रतिनिधि प्रभावित परिवाहरुको प्रतिनिधि रहेको संस्थाले उत्पीडित समुदाय विकास योजनाको कार्यान्वयनमा अनुगमन गर्ने छ। कमिटीले उत्पीडित समुदाय विकास योजनाको कार्यान्वयनको स्वतन्त्र अनुगमन र मूल्यांकन गर्दा तलका बूंदामा ध्यान दिन्छ :

- उत्पीडित समुदायको विकास योजनाको कार्यान्वयनमा प्रबर्घक निकायको कार्य
- उत्पीडित समुदायको विकास योजनाको परिणाम र उद्देश्य मेल खाने नखानेको मुल्यांकन

## ७.३ बाह्य निरीक्षण र मूल्यांकन

प्रबर्धकबाट पेश भएको रिपोर्ट र निरीक्षणको आधारमा विश्व बैंकको टोलीले वाह्य निरीक्षण र मूल्यांकनको जिम्मेवारीहरु पुरा गर्नेछ। आयोजनाको वातावरणीय अनुगमन इकाईले अनुगमनको प्रतिवेदनहरु नियमित रिपोर्टिङ्ग तालिका अनुसार तयार गर्ने र वितरण गर्ने छ।

## REFERENCE:
## सन्दर्भ सामग्री :


| | |
|---|---|
| ESSD/NEA- July 2004: | Environmental Impact Assessment of Khimti – Dhalkebar 220 kV Transmission Line Projects |
| ESSD/NEA- July 2004: | Social Impact Assessment of Khimti - Dhalkebar 220 kV Transmission Line Projects |
| MoWR/HMG- Aug. 2002: | Policy Framework for EIA for Projects under Power Development Fund |
| World Bank - May 2002: | Environmental and Social Safeguard Policies |